दक्ष जनशक्तिको अभावले आइसियु सञ्चालनमा आएन

■ सौर्य समाचार

दार्चुला । जिल्ला अस्पतालमा जडान गरिएको भेन्टिलेटर शयचासहितको आइसीयु अझै सञ्चालनमा आउन सकेको छैन । जडान गरिएको पाँच महिना हुँदासमेत अस्पतालमा दक्ष जनशक्ति व्यवस्थापन गर्न नसक्दा आइसियु प्रयोगमा नआएको हो । प्रदेश सरकारबाट प्राप्त दुई वटा भेन्टिलेर शयचासहित आइसियुकक्ष स्थापना गरिएको थियो । प्रदेश सरकारले प्रदेशका सबै जिल्ला अस्पतालमा भेन्टिलेटर शयचासहित आइसियु स्थापना गरेको थियो । सुदूरपश्चिम प्रदेशसभाका उपसभामुख निर्मला बडाल जोशीले ०७७ मंसिर २५ मा जिल्ला अस्पतालमा सो सेवाको शुभारम्भ गरेकी थिइन् । कोभिडका संक्रमितले समयमै उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने अवस्था आउन नदिन स्थापना गरिएको सो आइसियुको लागि जनशक्ति पठाउन नसक्दा प्रयोगमा आउन नसकेको अस्पतालले जनाएको छ । कोरोनाका बिरामी बढ्दै गएपछि प्रदेश सरकारले गत मंसिरमा उक्त भेन्टिलेटर जिल्ला अस्पताललाई उपलब्ध गराएको थियो । पाँच महिनाअघि नै जडान गरिएको आइसियु दक्ष जनशक्ति अभावमा सञ्चालनमा आउन नसकेको जिल्ला अस्पतालमा कार्यरत ल्याब असिस्टेन्ट दीपक विष्टले जानकारी दिए । अहिले आइसियु चलाउन सक्ने जनशक्ति छैन ।

'आइसियु सञ्चालन गर्न दक्ष चिकित्सक चाहिन्छन् । त्यो जनशक्ति अहिले अस्पतालसँग छैन । जनशक्ति पठाउन नसक्दा अहिले पनि आइसियु प्रयोगमा ल्याउन सकिएको छैन', उनले भने ।

आइसियु कक्ष सञ्चालनमा आउन नसक्दा गम्भीर बिरामीलाई जिल्ला बाहिर पठाउनुपर्ने बाध्यता कायमै छ । आइसियुको उद्घाटनको क्रममा सरोकारवाला निकायले गम्भीर खालका बिरामीलाई जिल्लामै उपचार गराउन सकिने बताएका थिए । पाँच महिना हुँदा पनि आइसियु सञ्चालन भए/नभएकोबारे सरोकारवाला निकाय उदासिन रहेको स्थानीयवासीको आरोप छ । कोरोनाका मात्रै नभएर अन्य गम्भीर बिरामीलाई पनि आइसियुमा राख्नुपर्ने हुन्छ । त्यस्ता बिरामीलाई बाहिर पठाउनु परिरहेको अस्पतालले जनाएको छ । कोरोनाको दोस्रो लहर सुरु भइसकेको छ । जिल्लामा एक जनामा कोरोना देखिएपछि अस्पतालमै राखिएको जिल्ला अस्पताल दार्चुलाका सूचना अधिकारी डम्मरदत्त भट्टले जानकारी दिए । उनका अनुसार ती बिरामीलाई १० दिनसम्म अस्पतालमा राख्नुपर्ने हुन्छ ।

भारतबाट अहिले दैनिक ८० देखि सय जनाको हाराहारीमा नेपाल भित्रिरहेका छन् । जिल्ला प्रहरी कार्यालय दार्चुलाको तथ्यांकअनुसार गत १० चैत यता जिल्लाका खलंगा, तिगरम, दत्तु, जोलजीबी र लाली नाका भएर ३ हजार ३ सय २४ स्वदेश फर्किएका छन् । प्रहरी निरीक्षक पुष्कर ऐरका अनुसार तिगरम नाका भएर ३ सय २० महिला र ३ सय ८५ पुरुष भित्रिएका छन् । सदरमुकाम खलंगा नाका भएर १ सय ७८ महिला र १ हजार १ सय ४० पुरुष नेपाल भित्रिएका छन् । यस्तै दत्तुनाका भएर १ सय ३२ महिला र ५ सय ५१ पुरुष नेपाल आएका छन् । मालिकार्जुनको जोलजिबी नाका भएर १ सय १४ महिला र सय पुरुष तथा लालीनाका भएर १ सय ९६ महिला र ३ सय १५ पुरुष स्वदेश भित्रिएको प्रहरीको तथ्यांक छ । सदरमुकाम खलंगामा उनीहरूलाई जाँचको व्यवस्था गरिएको भए पनि अन्य नाकामा जाँचको व्यवस्थापन गरिएको छैन ।

जिल्ला अस्पतालका चार चिकित्सक नै जिल्ला बाहिर भएकाले गोकुलेश्वरबाट चिकित्सक ल्याएर उपचार गराइँदै आएको छ । जिल्ला अस्पताल दार्चुलामा चिकित्सक नहुँदा बिरामी जाँचमा समस्या भएको छ । चार कार्यरत रहेको जिल्ला अस्पतालका चारै चिकित्सक जिल्ला बाहिर गएका छन् । अस्पताल चिकित्सक अभाव हुँदा बिरामीको जाँचमा समस्या भएको छ ।

अस्पतालका नवौं तहका मेडिकल सुपरिटेन्डेण्ट र आठौं तहका मेडिकल अधिकृतको दरबन्दी वर्षौंदेखि रिक्त छ । अस्पताल स्थापनादेखि अहिलेसम्म नवौं तहको चिकित्सक जिल्ला अस्पताल नआएको अस्पतालका प्रशासन शाखा प्रमुख आनसिंह डागाले बताए । अस्पतालमा हाल छात्रवृत्ति करारका चिकित्सक आर्दश लिम्बू, पूजा बम र नवीनकिशोर मल्ल कार्यरत छन् भने सुदूरपश्चिम प्रदेश सरकारको करारबाट देवेन्द्र नेगी कार्यरत छन् । अहिले चारै जना चिकित्सक बिदा तथा तालिममा गएपछि अस्पतालमा समस्या भएको हो । अस्पताल प्रशासनका अनुसार अस्पतालका प्रमुख डा.आदर्श लिम्बू गत १८ चैतबाट काठमाडौं गोष्ठीमा सहभागी भएका छन् । यस्तै पूजा बम र नवीनकिशोर मल्ल शनिबारदेखि बिदा र प्रदेश गोष्ठीमा गएका छन् भने देवेन्द्र नेगी २२ चैतबाट बिदामा गएका हुन् ।

अहिले अस्पतालमा बिरामी जाँच गर्न समस्या भएपछि गोकुलेश्वर अस्पतालबाट डा. मियाज अन्सारी बोलाइएको जिल्ला अस्पताल दार्चुलाका सूचना अधिकारी भट्टले बताए । 'हामीले चिकित्सकको अभाव हुन दिएका छैनौं', उनले भने । अहिले अस्पतालमा दैनिक ८० भन्दा बढी बिरामी आउने गरेका छन् । पछिल्लो समय मौसममा आएको परिवर्तनका कारण रुघाखोकीका बिरामी बढी आउने गरेका छन् । एक मात्रै चिकित्सक हुँदा बिरामीले अस्पतालमा घण्टौं कुर्नपर्ने बाध्यता छ ।

बागलुङका ३० वनमा आगलागी

■ सौर्य समाचार

गलकोट । गर्मीयाम सुरु भएसँगै दैनिकजसो आगलागीका घटना भइरहेका छन् । पछिल्लो समय बागलुङमा ३० वटा वनमा आगलागी भएको छ । विभिन्न वन तथा घर गोठमा आगलागी हुँदा लाखौंको क्षति भएको छ ।

जिल्ला डिभिजन वन कार्यालयका अनुसार जिल्लाका ३० सामुदायिक वनको ३ सय ३० हेक्टर क्षेत्रफलमा आगलागी भएको छ । ढोरपाटन सिकार आरक्षका बुँकी क्षेत्र, गलकोटको घुम्टे, रेश सिगानाको बुछुङ सल्लेरी सामुदायिक वन, मालिका सामुदायिक वनसहितमा आगलागी भएको सो कार्यालयका सहायक वनअधिकृत मदन कँडेलले जानकारी दिए । लामो समयको खडेरी र मानवीय लापरवाहीका कारण बर्सेनि आगलागीका घटना हुने गरेको उनको भनाइ छ ।

जिल्लामा सबैभन्दा बढी काठेखोलाको धम्जा, गलकोट र बरेङ गाउँपालिकाको जंगलमा आगलागी भएको सहायक वनअधिकृत कँडेलले बताए । 'लामो समयदेखि खडेरी परेको छ, खेडरीले गर्दा सबै पातपतिंगर र काठजन्य वस्तु सुकेका हुन्छन्, थोरै सतर्कता नअपनाउँदा आगलागी भइहाल्छ, यस्तो समयमा निकै संयमता अपनाउनुपर्छ', उनले भने, 'स्थानीयवासी सचेत नभएसम्म आगलागीका घटना भइरहन्छ ।'

नेपालमा डढेलो ९५ प्रतिशत मानवीय कारणले लाग्ने गरेको पाइएको छ । बागलुङमा अन्य कारणभन्दा मानवीय लापरवाहीका कारणले गर्दा आगलागीका घटना हुने गरेको सहायक वन अधिकृत कँडेलले बताए । आगलागीको घटना न्यूनीकरणका लागि कार्यालयले समुदायमा जनचेतनामूलक कार्यक्रम गर्दै आएको उनको भनाइ छ । चालु आवको हालसम्म आगलागीबाट १ करोड ८७ लाख ६३ हजार ५ सय बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इकबाल हवारीका अनुसार आठ महिनाको अवधिमा आगलागीमा परी तीन जना घाइते, २९ चौपायाको मृत्यु र १८ चौपाया घाइते भएका छन् । त्यस्तै १९ घर र १५ गोठ पूर्णरूपमा जलेर नष्ट भएको जनाइएको छ ।

म्याग्दी र मुस्ताङ जोड्ने नयाँ पदमार्ग

■ सौर्य समाचार

म्याग्दी । म्याग्दीबाट धौलागिरि हिमालको आधार शिविर हुँदै मुस्ताङ पुग्न सकिने नयाँ पदमार्ग पहिचान भएको छ । बेनी-जोमसोम सडक सञ्चालन भएपछि विस्थापित भएको म्याग्दी-मुस्ताङ जोड्ने पुरानो पदमार्गको विकल्पमा धौलागिरि आइसफल पदमार्ग सञ्चालनको तयारी भएको हो । संसारको सातौं अग्लो अर्थात् ८ हजार १ सय ६७ मिटर अग्लो धौलागिरि हिमालको आधार हुँदै मुस्ताङको लेते पुग्न सकिने धौलागिरि आइसफल पदमार्गमा पूर्वाधार निर्माण गरेर पर्यटक भित्र्याउन पहल थालिएको छ । म्याग्दीको रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले आधारभूतस्तरको पूर्वाधार निर्माणसँगै पर्यटक भित्र्याउन सम्भाव्यता अध्ययन गरिएको बताए ।

'रघुगंगाको अधिकांश वडालाई समेटेको यस पदमार्गलाई औपचारिक र व्यवस्थित रूपमा सञ्चालनमा ल्याउन विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारेर पैदलमार्ग बनाइरहेका छौं', उनले भने, 'पर्यटन मन्त्रालयबाट प्राप्त २५ लाख बजेटबाट चिमखोलाका बासिन्दा जंगलको ओढारमा बास बसेर पदमार्ग बनाएका छन् ।' कुइने मंगलेको छहारीबाट आधार शिविर क्षेत्रको अक्करे भिरमा पहाड खन्ने, जंगल र पाखामा ढुंगाको सिँढी चिनेर पदमार्ग निर्माण गरिएको हो । ट्रेकिङ व्यवसायी एसोसियसन (टान) र तत्कालीन जिल्ला विकास समिति म्याग्दीको अगुवाइमा ०६८ मा भगवतीबाट लेते जोड्ने धौलागिरि आइसफल पदमार्ग पहिचान भएको थियो । पर्यटन मन्त्रालय, पर्यटन कार्यालय पोखरालगायत निकायबाट विनियोजन भएको बजेटबाट भगवतीको रुइसेक्षेत्र, पछेत्राधुरी, सोबाङधुरी, लोसेधुरी, दहबुकी, फेदी, सुगुरथला हुँदै ससलधारा क्षेत्रसम्म पदमार्गको ट्राचाक निर्माण गरिएको पदमार्ग निर्माण समितिका अध्यक्ष ध्रुवकुमार पाइजाले बताए । सातदेखि १० दिनमा यसको भ्रमण गर्न सकिन्छ । धौलागिरि हिमालबाट हिउँ खसेको नजिकैबाट हेर्न सकिने भएकाले यसलाई आइसफल पदमार्ग नामाकरण गरिएको हो । म्याग्दी र मुस्ताङ जोड्ने पुरानो पैदलमार्ग बेनी-जोमसोम सडक सञ्चालन भएसँगै विस्थापित बनेको थियो । त्यसको विकल्पमा नयाँ पदमार्ग विकास गर्न थालिएको हो । धौलागिरि र अन्नपूर्ण रेञ्जका दर्जनौं हिमाललाई नजिकबाट अवलोकन गर्न सकिने यस पदमार्गमा डाँफे, मुनाल, कालिज, कस्तुरी, झारल, नाउर, घोरल, थार, रतुवा, हिमचितुवालगायत जंगली पशुपक्षी र तीनको बासस्थान यस पदमार्गका आकर्षण हुन् ।

धौलागिरि आइसफल पदमार्ग सञ्चालन भएमा स्थानीयवासीको आयआर्जन वृद्धी, रोजगारी सिर्जना, जीवनस्तरमा सुधारका साथै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने रघुगंगा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताए । पदमार्गमा आधारभूत पूर्वाधारसँगै खानेबस्ने सुविधाका लागि निजी क्षेत्रको लगानी भित्र्याउन र प्रर्वद्धनात्मक गतिविधिमा जोड दिएको उनले बताए । यसैगरी म्याग्दी उद्योग वाणिज्य संघले रघुगंगा र मंगला गाउँपालिकाको सिमानामा रहेको टोड्केदेखि रघुगंगाको झिँ-पाखापानी-रायखोर-घ्याँसीखर्क हुँदै धौलागिरि हिमालको आधार शिविर जोड्ने अर्को पदमार्गसमेत पहिचान गरेर नक्सा तयार पारेको छ ।

गाउँपालिकाले दुबै पदमार्ग सञ्चालन गरेर पर्यटक भित्र्याउने तयारीमा जुटेको छ । पदमार्गको प्रचारप्रसारका लागि चालु आर्थिक वर्षमा रुइसेमा महोत्सव सञ्चालन गर्न बजेटसमेत विनियोजन गरेको छ । पदमार्गको अध्ययनका लागि आधार शिविर पुगेर फर्किएका पूर्व महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री एवं प्रतिनिधिसभा सदस्य थपमाया थापाले म्याग्दी र मुस्ताङलाई जोड्ने वैकल्पिक पदमार्गको रूपमा धौलागिरि आइसफल पदमार्गलाई विकास गर्न लागिएको बताइन् ।

'यस पदमार्गको अत्यन्तै सम्भावना रहेछ, केही ठाउँमा अझै पदमार्ग बनाउन बाँकी नै रहेको पाइयो, पदमार्ग, आवासगृहलगायत पर्यटन पूर्वाधार निर्माण गर्न संघीय सरकारमार्फत आवश्यक पहल गर्छु', पूर्वमन्त्री थापाले भनिन् ।

रावा बेसी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरमटार, खोटाङ

सिलबन्दी बोलपत्र आह्यानको सूचना

प्रथम पटक प्रकाशन मिति : २०७८/०१/०३ गते

यस कार्यालयबाट चालु आर्थिक वर्ष २०७७।०७८ को स्वीकृत कार्यक्रम बमोजिम निम्नानुसारको कार्य गराउनु पर्ने भएकोले इच्छुक नेपाली निर्माण व्यवसायीहरु बाट उल्लेखित शर्तहरुको अधिनमा रहि रित पूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक बोलपत्र दाताहरुले रु. ३,०००। (फिर्ता नहुने गरी) रावा बेसी गाउँकार्यपालिकाको कार्यालयमा नगदै वा गाउँपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, दिक्तेल स्थित आन्तरिक राजश्व खाता नं. २०६०१००३०१०१०००७ मा जम्मा गरेको भौचर साथमा बोलपत्र दाताको व्यवसाय नविकरण भएको ईजाजत पत्र, आय कर तथा मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र र आ.व. २०७६।०७७ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु पेश गरी रावा बेसी गाउँकार्यपालिकाको कार्यालय, हरमटार, खोटाङबाट यो सूचना प्रकाशित मितिले ३० औं दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको बोलपत्र सिलबन्दी लाहाछाप गरी खामको बाहिरी भागमा कामको विवरण, ठेक्का नम्बर, फर्मको नाम र ठेगाना स्पष्ट खुलाई कार्यालयलाई संबोधन गरी ३१ औं दिन १२;०० बजे भित्रमा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको ५;०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ ।

४. बोलपत्र साथ तोकिए बमोजिमको वोलपत्र जमानत रकम यस कार्यालयको कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, दिक्तेल स्थित धरौटी खाता नं. २०६०१००३०३०००००७ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा बोलपत्र दाखिला हुने अन्तिम मितिले १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कल वोलपत्र जमानत संलग्न गर्नु पर्नेछ ।

५. बोलपत्र दाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । द्यइत्त मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा सिलबन्दी बोलपत्र दाताको स्पष्टसँग सहिछाप भएको हुनु पर्नेछ ।

६. एक फर्मको नामबाट खरिद भएको सिलबन्दी बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।

७. कु नै कारण जनाई वा नजनाई बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

९. बोलपत्र सम्वन्धी अन्य काम कारवाही सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

तपशिल

सि. नं.	ठेक्का नम्बर	कामको विवरण	लागत अङ्क (भ्याट बाहेक)रु.	जमानत रकम रु.	फाराम दस्तुर रु.
१.	रावा बेसी ११/०७७/७८	कुभिण्डे जौवारी नुनथला सडक स्तरोन्नती (राव बेसी (संघिय दोस्रो)	३५५३९१५/६६	१०६०००/-	३,०००/-
२	रावा बेसी १२/०७७/७८	कुभिण्डे जौवारी नुनथला सडक स्तरोन्नती (रावा बेसी (प्रदेश दोस्रो)	३१९८२४४/०७	९४०००/-	३,०००/-
३	रावा बेसी १३/०७७/७८	विजुले लेखर्क दुवेकोल सडक स्तरोन्नती (रावा वेसी (प्रदेश दोस्रो)	२८७७३९/५३	८५०००/-	३,०००/-

प्रमुख प्रशासकिय अधिकृत